HAGUE CONFERENCE ON PRIVATE INTERNATIONAL LAW
*CONFÉRENCE DE LA HAYE DE DROIT INTERNATIONAL PRIVÉ*

# निजी अन्तर्राष्ट्रिय कानुन सम्बन्धी हेग सम्मेलन

## अन्तरदेशीय धर्मपुत्र/पुत्री सम्बन्धी प्राविधिक सहयोग कार्यक्रम

## नेपालका लागि कार्यदलको प्रतिवेदन

## २३-२७ नोभेम्बर २००९


**जेनिफर डेजेलिङ**

सचिव


फेब्रुअरी ४, २०१०


Permanent Bureau | *Bureau Permanent*
6, Scheveningseweg 2517 KT The Hague | *La Haye* The Netherlands | *Pays-Bas*
telephone | *téléphone* +31 (70) 363 3303 fax | *télécopieur* +31 (70) 360 4867
e-mail | *courriel* secretariat@hcch.net website | *site internet* http://www.hcch.net

## नेपालका लागि प्राविधिक सहयोग कार्यदलको प्रतिवेदन
## २३-२७ नोभेम्बर २००९

### १. कार्यदलको पृष्ठभूमि

हेग सम्मेलनको अन्तरदेशीय धर्मपुत्र/पुत्री सम्बन्धी प्राविधिक सहयोग कार्यक्रमले नेपालका लागि कार्यदल खटाएको हो । हेग अन्तरदेशीय धर्मपुत्र/पुत्री सम्बन्धी महासन्धि १९९३ मा नेपाल सरकारले २०६६ वैशाख १५ गते (२८ अप्रील २००९) का दिन हस्ताक्षर गरेर हेग सम्मेलन र यसको स्थायी समितिलाई नेपाल *अन्तरदेशीय धर्मपुत्र/पुत्री सम्बन्धी बाल संरक्षण र आपसी सहयोग विषयक हेग महासन्धि १९९३* को पक्षराज्य बन्ने स्पष्ट संकेत दिएकोले यो कार्यदलको निर्माण भएको हो ।

यस सम्बन्धी पत्राचारको आदान-प्रदान गत वर्षदेखि नै प्रारम्भ भईसकेको थियो । महिला, बालबालिका र समाज कल्याण मन्त्रालयका तत्कालीन सचिव (श्री पुण्य प्रसाद न्यौपाने) ले २०६४ माघ २४ (फेब्रुअरी ७, २००८) को पत्रद्वारा हेग महासन्धि १९९३ मा नेपालले सम्मिलनका लागि प्रक्रिया सुरु गरेको कुरा हेग सम्मेलनका महाचिवलाई जानकारी गराउनु भएको थियो । महासचिव श्री हान्स भान लून ले २०६४ फागुन १७ गते (फब्रुअरी २९, २००८) सचिवज्यूलाई हेग सम्मेलन संगठन र यसको स्थायी समितिले नेपाललाई सम्मिलनका लागि आवश्यक समर्थन र प्राविधिक सहयोग गर्ने प्रतिवद्धता प्रकट गर्दै प्रत्युत्तर दिनुभएको थियो ।

नेपालले महासन्धिमा हस्ताक्षर गरेपछि , २०६६ वैशाख १६ गतेका (अप्रील २९ २००९) दिन यस संगठनका उप महासचिव श्री विलियम डंकनले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका नव नियुक्त सचिवलाई यस महासन्धि कार्यान्वयन गर्नका लागि प्राविधिक सहयोग उपलब्ध गराउने कुराको पुष्टी तथा प्राविधिक सहयोगका लागि आवश्यक हुने प्रारंभिक तयारीका बारेमा व्याख्या गर्दै पत्र लेख्नुभएको थियो । उक्त मन्त्रालयका सह-सचिव श्री रत्न काजी बज्राचार्यले वर्तमान अवस्थाको लेखाजोखा गर्न तथा नेपालमा त्यस महासन्धिमा अनुमोदन गर्नु अगाडि गरिनु पर्ने पूर्वतयारी कार्यहरू सम्बन्धी सल्लाह उपलब्ध गराउनका लागि श्री डंकनलाई २०६६ जेठ २० गते (जुन ३, २००९) को मितिमा आधिकारिक पत्र लेख्नु भएको थियो । यस संगठनको स्थायी समितिले २०६६ साउन १६ गते (जुलाई ३१, २००९) को पत्रबाट प्राविधिक सहयोग उपलब्ध गराउने कुराको पुष्टी पनि गरेको थियो । उक्त मन्त्रालयका उपसचिव श्री तोया नाथ अधिकारी र यस संगठनको अन्तरदेशीय धर्मपुत्र/पुत्री सम्बन्धी जिम्मेवार स्थायी समितिका सचिव श्री जेनिफर डेजेलिङबीचको पत्राचारपछि प्राविधिक सहयोग कार्यक्रम प्रारंभ गर्नका लागि यस संगठनबाट २०६६ मंसिर ८ देखि १२ गते (२३-२७ नभेम्बर २००९) मा पहिलो भ्रमण गर्ने योजना निर्धारण गरिएको थियो । त्यस कार्यका लागि निम्न क्रियाकलापहरू प्रस्तावित गरिएका थिए :

- आमाबुबाको स्याहार सुसार र माया ममताबाट वञ्चित भएका बालबालिकाहरूको अवस्था र आवश्यकता, खासगरी धर्मपुत्र/पुत्रीको सवाल सम्बन्धी विषयमा विद्यमान सरोकारवालाहरूसित भेटघाट र कुराकानी गर्नु ।
- सम्बन्धित अधिकारीहरू र अन्य पेशेवर कार्यकर्ताहरूका लागि *अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने सवाल सम्बन्धमा बाल संरक्षण र आपसी सहयोग विषयक २९ मे १९९३ को हेग महासन्धि*को कार्यान्वयन सम्बन्धी प्रशिक्षण र जानकारी सत्रहरूमा सहभागी हुनु ।
- जेठ २० गते (जुन ३ ) मा लेखिएको पत्रमा चर्चा गरिएका आवश्यकताको प्रारम्भिक लेखाजोखा गर्नु र प्रस्तावित प्राविधिक सहयोगको समयतालिका सम्बन्धमा छलफल गर्नु ।

## २. काठमाण्डौमा मिसन

कार्यदलको कार्ययोजनामा एक हप्ताभरीका लागि बैठक, सेमिनार, प्रस्तुती, समूहगत कार्य र भ्रमण प्रस्ताव गरिएको थियो, जसमा अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने क्षेत्रमा संलग्न मुख्य निकायहरूलाई समावेश गर्ने प्रयास गरिएको थियो । त्यसमा सरकारी क्षेत्रका महिला, बालबालिका र समाज कल्याण मन्त्रालय, कानुन र न्याय मन्त्रालय, परराष्ट्र मन्त्रालय, गृह मन्त्रालय र देशभित्रको धर्मपुत्र/पुत्री सम्बन्धी दर्ता गर्ने कार्यालयको सहभागिताको अपेक्षा गरिएको थियो । त्यसरी नै गैर सरकारी क्षेत्रबाट गैससहरू, केन्द्रिय बाल कल्याण समिति तथा ३८ मध्ये ३६ बालगृहहरूको प्रतिनिधित्व गर्ने र अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने कार्यका लागि महिला, बालबालिका र समाज कल्याण मन्त्रालयबाट स्वीकृति प्राप्त भएको बालबालिका सम्बन्धी गैसस महासंघ सामेल थिए ।

त्यस कार्यक्रममा समावेश भएका अन्य समूहमा अन्तर्राष्ट्रिय क्षेत्रबाट युनिसेफ, अन्तर्राष्ट्रिय गैससबाट सेभ द चिल्ड्रन र *टेरे डेस होम्स प्रतिष्ठान,* तथा नेपालमा विद्यमान प्रापक देशका राजदुतावासहरू पनि थिए तर मुख्य प्रापक देशहरूमध्ये स्पेन र इटालीको राजदुतावास नेपालमा नहुनाले तिनीहरूको प्रतिनिधित्व भएको थिएन ।

निर्धारित गरिएको मौलिक कार्यक्रम कार्यदलका प्राथमिक लक्ष्यहरूमध्ये एउटा पूरा गर्न परिलक्षित थियो । त्यो लक्ष्य थियो : हेग महासन्धिका बारेमा धेरै भन्दा धेरैलाई जानकारी उपलब्ध गराएर महासन्धिको बारेमा समझदारी अभिवृद्धि गराएर अनुमोदनको पूर्वतयारीका लागि नेपालले के गर्नु पर्छ भन्ने कुरा स्पष्ट पार्ने ।

तर दुर्भाग्यवस् उपयुक्त स्पष्टीकरण बेगरै कार्यक्रमका केही सत्रहरूलाई अचानक खारेज गरिएको थियो जसले गर्दा अपेक्षित श्रोताहरू, विशेषगरी  अनुमोदन पूर्व आवश्यक कार्य गर्नका लागि जिम्मेवार सरकारी पदाधिकारीहरू, ले उक्त महासन्धिका बारेमा जानकारी सत्रहरूमा सहभागी हुने अवसर पाएनन् । अझ दुःखद घटना त हेग महासन्धिको आधिकारिक भ्रमण ताका नै महिला, बालबालिका र समाज कल्याण मन्त्रालयका उपसचिव, जो हेग महासन्धि सम्बन्धी स्पष्ट ज्ञान र बुझाई भएका केही सरकारी

अधिकारीहरूमध्ये एकजना हुनुहुन्थ्यो, को अकस्मात सरुवा भयो र यो कुरा सुधार कार्यान्वयन गर्ने सरकारी प्रतिवद्धताको अभाव भनेर पनि लिन सकिन्छ ।

## ३ हेग महासन्धिका लागि आवश्यक पूर्वाधारहरू

अन्तरदेशीय धर्मपुत्र/पुत्री सम्बन्धी हेग महासन्धि १९९३ मा सामेल हुन इच्छुक देशले महासन्धिका ध्येयहरू, सिद्धान्तहरू र प्रावधानहरू बारेमा पूर्ण जानकारी राखेको हुन आवश्यक छ । यी कुराहरूलाई देशको संविधानमा समावेश गरिएको तथा सुदृढ कानुनी र प्रशासनिक संयन्त्रबाट प्रभावकारी बनाइएको हुनु पर्छ । यी कुराहरूलाई असल अभ्यासका लागि निर्देशिका *(अन्तरदेशीय धर्मपुत्र/पुत्री सम्बन्धी हेग महासन्धि १९९३ को कार्यान्वयन :असल अभ्यासका लागि निर्देशिका, निर्देशिका नं. १ (२००८))* मा सविस्तार व्याख्या गरिएका छन् । यस महासन्धिमा सामेल हुने सोच बनाइरहेको कुनै पनि देशका लागि यो निर्देशिका महत्वपूर्ण सन्दर्भ सामग्री हो ।

नेपालको कानुनी व्यवस्थामा के कुराको अभाव छ भन्ने टिप्पणीहरू राम्ररी बुझ्नका लागि यस महासन्धिका मुख्य तत्वहरूलाई बुझ्न आवश्यक भएकोले निम्न अनुसार प्रस्तुत गरिएको छ :

### ३.१ हेग महासन्धिका ध्येयहरू

यस महासन्धिका निम्न ध्येयहरू छन् :

१. अन्तरदेशीय धर्मपुत्र/पुत्रीका रूपमा लिइने दिइने बालबालिकाहरूको संरक्षणका लागि न्यूनतम् मापदण्ड निर्माण गर्नु ;

२. धर्मपुत्र/पुत्री लिने दिने व्यवस्था बालबालिकाहरूको सर्वोत्तम् हितका आधारमा भएको सुनिश्चित गर्नु ;

३. बालबालिकाहरूको अपहरण, बिक्री वा बेचबिखन/ओसारपसार हुनबाट रोकथाम गर्न तथा अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने कार्यसित सम्बन्धित विभिन्न प्रकारका दुर्व्यवहारहरूको उन्मूलन गर्नका लागि प्रभावकारी संयन्त्रहरू निर्माण गर्नु ;

४. धर्मपुत्र/पुत्री लिने दिने कार्यसित सम्बन्धित सबै राज्यहरूले यस महासन्धिमा सामेल हुनै पर्ने कुरालाई स्वतः मान्यता दिलाउनु पर्ने व्यवस्था गर्नु ;

५. बाल अधिकार महासन्धिको धारा २१ म निहित धर्मपुत्र/पुत्री सम्बन्धी सिद्धान्तहरूलाई सुदृढ र विस्तार गर्नु ।

### ३.२ हेग महासन्धिका आधारभूत सिद्धान्तहरू

हेग महासन्धि १९९३ का केही मौलिक सिध्दान्तहरूले अन्तरदेशीय धर्मपुत्र/पुत्रीका सवालहरूमा प्रयोग गरिने सबै निर्णय प्रक्रियाहरूलाई मार्गदर्शन गर्दछन् । यी सिद्धान्तहरू बाल अधिकार महासन्धिबाटै

प्रत्यक्षतः निश्रृत भएका हुन् । हेग महासन्धि १९९३ बाल अधिकार महासन्धिका सिद्धान्तहरूलाई लागु गर्नका लागि सहयोग गर्ने व्यावहारिक संयन्त्र हो ।

१. *बालबालिकाहरूको सर्वोत्तम् हित* : बालबालिकाहरूको सर्वोत्तम् हितका आधारमा मात्र धर्मपुत्र/पुत्रीका रूपमा बालबालिकाहरूलाई दिने लिने कार्य गरिनु पर्छ ;
२. *प्राथमिकताको सिद्धान्त* : आमाबुबा विहीन बालबालिकाका लागि सबभन्दा पहिला देशभित्र नै समाधानहरू खोज्ने कार्य गरिनु पर्छ ;
३. *सुरक्षाको सिद्धान्त* : प्रभावकारी कार्यान्वयनका लागि महासन्धिमा उल्लेखित सुरक्षा सम्बन्धी प्रावधानहरूलाई कानुनी वा सो सरहका उपायहरूबाट लागु गरिनु पर्छ ;
४. *सहकारिताको सिद्धान्त* : सुरक्षाका उपायहरूको सुदृढीकरणका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय अधिकारीहरूबीच सहकार्य आवश्यक हुन्छ ;
५. *सुयोग्य अधिकारीहरूको सिद्धान्त* : धर्मपुत्र/पुत्री लिने दिने प्रक्रियामा आधिकारिक रूपमा नियुक्त भएका सुयोग्य अधिकारीहरूलाई मात्र संलग्न गराइनु पर्छ ।

### ३.३ धर्मपुत्र/पुत्री लिने दिने प्रक्रियाका लागि सुरक्षाका उपायहरू

धर्मपुत्र/पुत्री लिने दिने प्रक्रियाका सबै चरणहरूमा बालबालिकाको उपयुक्त संरक्षणको सुनिश्चितताका लागि यस महासन्धिमा केही सुरक्षात्मक उपायहरू समावेश गरिएका छन् ।

१. बालबालिकाहरूको सर्वोत्तम् हितलाई पूर्ण रूपमा कार्यान्वयन गरिनु पर्छ ;
२. बालबालिकाको पृष्ठभूमिको जाँचबुझ गरी निज वास्तवमा धर्मपुत्र/पुत्रीका लागि उपयुक्त भए नभएको सुनिश्चित गरिनु पर्छ ;
३. अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने प्रक्रियाको प्रभावकारी वित्तीय नीति नियमको व्यवस्था गरिनु पर्छ ;
४. धर्मपुत्र/पुत्री लिने दिने संस्थाहरूलाई सूचीकृत गरी (अनुमतिपत्र दिई) व्यवस्थित गरिनु पर्छ ;
५. महासन्धिको प्रावधान (धारा १७) अनुरूपको प्रक्रिया अवलम्बन भए नभएको पुष्टी गरिनु पर्छ ;
६. कुनै देशले आवश्यकता अनुसार थप सुरक्षा र सावधानीको व्यवस्था लागु गर्न सक्छ ।

## ४. नेपालको अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने प्रक्रिया सम्बन्धी सामान्य लेखाजोखा

बाल अधिकार महासन्धिको धारा २१ मा अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने व्यवस्था सम्बन्धी आधारभूत सिद्धान्त दिइएको छ । नेपाल यस महासन्धिको पक्षराज्य बनिसकेको हुनाले सबै अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने व्यवस्था सम्बन्धी सिद्धान्तहरू कार्यान्वयन गर्न प्रतिवद्ध छ । तर यस्तो भइरहेको छैन । नेपाल सरकारले व्यवस्था गरेको शर्त र प्रावधान २०६५ बाल अधिकार महासन्धिको धारा २१ वा हेग महासन्धि १९९३ अनुकुल छैन ।

नेपालबाट अन्तरदेशीय धर्मपुत्र/पुत्री लैजाने सबै देशहरू बाल अधिकार महासन्धि तथा अन्तरदेशीय धर्मपुत्र/पुत्री सम्बन्धी हेग महासन्धि १९९३ को पक्षराज्य रहेका छन् । ती देशहरूले पनि नेपालबाट धर्मपुत्र/पुत्री लैजाँदा बाल अधिकार महासन्धि तथा हेग महासन्धिका सिद्धान्तहरूलाई सन् २००० र २००५ मा भएका विशेष आयोगका अधिवेशनहरू (हेग महासन्धिका पक्षराज्यहरूको अन्तर्राष्ट्रिय बैठक) का सुझाव अनुरूप पालना गर्नु पर्ने हुन्छ । ती अधिवेशनहरूमा पारित एउटा महत्वपूर्ण सुझाव के थियो भने हेग महासन्धिको पक्षराज्य बनेका देशहरूले पक्षराज्य नबनेका देशहरूमा पनि महासन्धिका सिद्धान्तहरू लागु गर्नु पर्नेछ । त्यो सुझाव निम्न अनुसार थियो :

> 'सन् १९९३ को महासन्धि विश्वव्यापी मान्यता प्राप्त सिद्धान्तहरूमा आधारित भएको कुरालाई हृदयंगम गर्दै तथा राज्यपक्षहरू "अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने कार्य बालबालिकाको सर्वोत्तम् हित र निजको मौलिक अधिकारका आधारमा गरिनु पर्ने तथा बालबालिकाहरूको अपहरण, बिक्री र बेचबिखन/ओसारपसारको रोकथाम गरिनु पर्ने कुराहरूलाई सुनिश्चित गर्ने उपायहरू अवलम्बन गर्न आवश्यक भएको कुरामा सहमत भएको" ले संभव भएसम्म यस महासन्धिको पक्षराज्य नबनेका देशहरूमा अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने कार्य गर्दा समेत यस महासन्धिका राज्यपक्षहरूले यसका मापदण्डहरू र सुरक्षात्मक उपायहरू लागु गर्नेछन् भनी विशेष आयोगले सिफारिस गरेको छ । यस महासन्धिका राज्यपक्षहरूले यसमा सामेल नभएका त्यस्ता देशहरूलाई उपयुक्त कानुन निर्माण गर्न र केन्द्रिय प्राधिकार नियुक्त गर्न लगायत सबै आवश्यक प्रक्रियाहरू अवलम्बन गर्नका लागि अविलम्ब अभिप्रेरित गरी यस महासन्धिमा सम्मिलन वा अनुमोदन गर्न सक्षम पनि बनाउनु पर्नेछ ।'

त्यसकारण धर्मपुत्र/पुत्री लिने देशहरूका लागि नेपालबाट अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने सम्बन्धमा भिन्न वा न्यून स्तरको व्यवस्थाका लागि प्रयास गर्ने कुनै आधार छैन । ९ मंसिर २०६६ (नोभेम्बर२४, २००९) मा परराष्ट्र मन्त्रालय, नेपाल सरकारका नाममा जारी गरिएको आग्रह पत्रले पनि धर्मपुत्र/पुत्री लिने देशहरू आफ्नो उत्तरदायित्व सम्बन्धमा सचेत छन् तथा पहिचान गरिएका सवालहरूको सम्बोधन गर्नका लागि सहकार्य गर्न तत्पर हुनेछन् भन्ने संकेत गरेको छ । त्यो *आग्रह पत्र* (यस प्रतिवेदनको अनुसूची १ मा हेर्नुहोस्) बेल्जियम, डेन्मार्क, फ्रान्स, जर्मनी, इटाली, नर्वे, स्विटजर्लेन्ड र संयुक्त अधिराज्यका तर्फबाट जर्मनीको दुतावासले तयार गरेको थियो र त्यसलाई अस्ट्रेलिया, क्यानाडा र संयुक्त राज्य अमेरिकाले समर्थन गरेका थिए ।

## ५. नेपालको अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने शर्त र प्रावधान सम्बन्धी प्रतिकृया

नेपालको अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने सम्बन्धी व्यवस्था गर्न बनेको शर्त र प्रावधान २०६५ अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने कार्यका लागि कानुनी आधार बन्नका निम्ति पर्याप्त छैनन् । तिनीहरू हेग महासन्धिका मापदण्डहरू भन्दा न्यून छन् । यस प्रतिवेदनमा उक्त शर्त र प्रावधान को पूर्ण विश्लेषण

गर्ने मनसाय नभए पनि (किनकि नेपाल सरकारले त्यसका लागि अनुरोध नगरेको हुनाले) त्यसमा निहित गंभीर त्रूटीहरूलाई निम्न बुँदाहरूमा औंल्याउने प्रयास गरिएकोछ :

१. यसमा बाल अधिकार महासन्धिको धारा २१ मा उल्लेखित सिद्धान्तहरूलाई समावेश वा लागु गरिएको छैन, विशेषगरी :
   क. बालबालिकाको सर्वोत्तम् हित सम्बन्धी सिद्धान्त सम्बन्धमा त्यो पूर्ण रूपमा मौन छ ; अतः बालबालिका सम्बन्धी निर्णय लिने आधार के हो ?
   ख. बाल अधिकार महासन्धिको धारा २१ (क) अनुरूप निज बालबालिका धर्मपुत्र/पुत्रीका लागि उपयुक्त भए नभएको निर्धारण गर्ने शर्त वा प्रक्रिया सम्बन्धी कुनै चर्चा नै छैन ।
   ग. बाल अधिकार महासन्धिको धारा २१ (ख) अनुरूप त्यस्तो आवश्यकता भएको बालबालिकाका लागि नेपालमै स्थायी परिवार खोजी गर्ने सम्बन्धी प्राथमिकताको सिद्धान्त बारेमा न स्पष्ट रूपमा उल्लेख नै गरिएको छ न त त्यसका लागि कुनै प्रक्रिया अवलम्बन गरिएको छ ।
   घ. बालबालिका जन्मेको परिवार वा जैविक आमाबुबाले आफ्नो बालबालिका धर्मपुत्र/पुत्रीका लागि दिएको अवस्थामा के कस्तो कानुनी असर हुन्छ वा बालबालिकालाई परित्याग गरेको अवस्थामा, उदाहरणका लागि कुनै शिशुलाई प्रहरी चौकीमा वा त्यसको छेउमा परित्याग गर्दा, के कस्तो कानुनी परिणाम हुन्छ भन्ने सम्बन्धमा कुनै सहायता वा विमर्श सेवा प्राप्त गर्ने व्यवस्था छैन ।

२. अन्तरदेशीय धर्मपुत्र/पुत्री सम्बन्धी हेग सम्मेलन १९९३ का कुनै पनि महत्वपूर्ण सिद्धान्तहरू र सुरक्षात्मक उपायहरूलाई यस शर्त र प्रावधान २०६५ मा समावेश गरिएका छैनन् (यसै प्रतिवेदनको भाग ३.२ र ३.३ हेर्नुहोस्) ।

३. यो शर्त र प्रावधान २०६५ मूलतः प्रशासनिक संरचना र केही समितिहरूका काम र कर्तव्य सम्बन्धमा मात्र सिमित रहेको छ । ती समितिहरूमा पनि मूलतः सरकारी अधिकारीहरू नै रहेका छन् र बाल मनोवैज्ञानिक, बाल चिकित्सक वा सामाजिक कार्यकर्ता जस्ता बाल कल्याण सम्बन्धी पेशेवरहरू वा विशेषज्ञहरू समावेश गरिएको देखिँदैन ।

४. अझ अनुसन्धान, सिफारिस र अनुगमन समितिमा अनाथाश्रमका प्रतिनिधिहरू समावेश गरिनाले चासो बाझिने हुन्छ । यस समितिको भूमिका नै अनाथाश्रमका निर्देशक र कर्मचारीले तयार गरेको प्रत्येक बालबालिकाको फायलमा भएका सूचना र कागजातहरूको सत्यता र आधिकारिकताको प्रमाणीकरण गर्नु हो । त्यसैले अनाथाश्रमका निर्देशकहरूका प्रतिनिधिहरू आफैंले त्यो अनुसन्धान गर्ने व्यवस्थाले चासो बाझिने स्थिति उत्पन्न हुन सक्छ । यो काम त अनाथाश्रमसित कुनै पनि किसिमको प्रत्यक्ष वा अप्रत्यक्ष सम्बन्ध नभएको स्वतन्त्र र दक्ष पेशेवरहरूले गर्नु पर्ने हो ।

### ५.१ बाल अधिकारका लागि अन्य चुनौतीहरू

१. नक्कली कागजातहरू बनाउने : बालबालिका धर्मपुत्र/पुत्रीका लागि उपयुक्त भएको प्रमाणित गर्नका लागि यस प्रकारको दुरूपयोग नियमित रूपमा भएको तथा उक्त शर्त र प्रावधान २०६५ अन्तर्गत पनि भइरहेको प्रमाणहरु पाइन्छन् ।

२. बालबालिकाको परित्यक्तता, थलो, उमेर र अवस्था सम्बन्धी झूटो वयान तयार गर्ने : बालबालिकालाई धर्मपुत्र/पुत्रीका लागि उपयुक्त भएको साबित गर्नका लागि यस प्रकारको अनियमिता भइरहेको प्रमाणित भएको छ ।

३. अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने कार्यबाट नेपाल (सरकार र संस्था) मा प्राप्त रकम सम्बन्धी पारदर्शिता र उत्तरदायित्वको अभाव छ ।

४. परिवार विहीन बालबालिकाका लागि वैकल्पिक स्याहार सुसार सम्बन्धी एकीकृत नीति अन्तर्गत बाल संरक्षणको एउटा उपायका रूपमा अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने नीतिगत व्यवस्थाको अभाव रहेको छ ।

५. आमाबुबाको स्याहार सुसारबाट वञ्चित बालबालिकाहरूका लागि स्याहार सुसार सम्बन्धी वैकल्पिक व्यवस्थाको अभाव छ ।

## ६. सुझावहरू

### ६.१ बाल संरक्षणको प्रणाली निर्माण गर्नु र अन्तरदेशीय धर्मपुत्र/पुत्रीको स्थान निर्धारण गर्नु

अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने कार्यलाई बाल संरक्षणभन्दा अलग्गै अर्थात् स्थायी वा अस्थायी रूपमा आमाबुबाको स्याहार सुसारबाट वञ्चित बालबालिकाहरूका लागि नेपालको दायित्वभन्दा अलग्गै लिइनु हुँदैन । नेपालले बाल संरक्षण सम्बन्धी समग्र दृष्टिकोण लिनु पर्ने हुन्छ तथा गाउँ र जिल्ला तहहरूमा उपयुक्त प्रणाली स्थापना गर्नु पर्ने हुन्छ । अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने कार्यलाई बाल संरक्षणको एकीकृत नीति अन्तर्गत परिवार विहीन बालबालिकाका लागि वैकल्पिक स्याहारको एउटा उपायको रूपमा हेरिनु पर्ने आवश्यकता छ । आमाबुबाको हेरचाह नपाएका बालबालिकाहरूका लागि वैकल्पिक स्याहार सुसारको व्यवस्थाको अभाव हुनु भनेको प्राथमिकताको सिद्धान्त लागु नगरिएको हुनु नै हो ।

### ६.२ परिवारको संरक्षणका लागि उपायहरू विकास र सुदृढ गर्नु

नेपालमा पारिवारिक संकटको अवस्थामा बालबालिकाहरूको स्याहार सुसारका लागि परिवारलाई सहयोग गर्ने विशेष, दीर्घकालीन (राष्ट्रव्यापी) पारिवारिक संरक्षण कार्यक्रम छैन, जसबाट बालबालिकालाई परिवारबाट अलग हुनबाट रोक्न सकियोस् । तसर्थ विद्यमान परिवार संरक्षण प्रणालीहरूको समीक्षा गरी सुदृढीकरण र विस्तार गर्नु आवश्यक छ । नेपाल सरकारले बालबालिकाहरूको अल्पकालीन वा दीर्घकालीन संस्थाकरण गर्नु पर्ने आवश्यकता घटाउनका लागि कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्नु जरुरी छ ।

### ६.३ आमाबुबाको स्याहार सुसारको वैकल्पिक स्याहार सुसार प्रणाली विकास र सुदृढ गर्नु

बालबालिकाहरूको बेचबिखन/ओसारपसार रोकथाम र सम्बोधनका साथै आमाबुबाको स्याहार सुसारको वैकल्पिक स्याहार सुसार प्रणालीको विकास गर्ने *टेरे डेस होम्स* प्रतिष्ठानको कार्यलाई प्रोत्साहित र विकसित गर्नु आवश्यक छ ।

### ६.४ बालगृहहरू सम्बन्धी उचित नीति नियमको व्यवस्था गर्नु

बालगृहहरूमा उचित नीति नियमहरूको अभावले बालगृहहरू र बालबालिकाहरूको स्याहार सुसारको व्यवस्थामा रहेका कमी कमजोरीहरूलाई नै दर्शाउँछन् । धर्मपुत्र/पुत्री बन्न सक्ने अवस्थाका सबैजसो बालबालिकाहरूलाई काठमाण्डौका बालगृहहरूमा ल्याइन्छ जहाँ उनीहरू धर्मपुत्र/पुत्री व्यवस्था गर्ने विदेशी संस्थाहरू वा धर्मपुत्र/पुत्री लिन इच्छुक विदेशी मानिसहरूलाई पहुँच गर्नका लागि सहज बन्दछन् । त्यस्ता विदेशी संस्थाहरूसित यी बालगृहहरूको प्रत्यक्ष सम्बन्ध रहेको छ तथा बालबालिकाहरू र उनीहरूका जैविक आमाबुबाहरूका अधिकारहरूको हनन भएका धेरै प्रमाणहरू विद्यमान छन् । धर्मपुत्र/पुत्री बन्न साँच्ची नै आवश्यक भएका (ठूला वा स्वास्थ्य समस्या भएका) बालबालिकाहरूलाई मोफसलकै गृहहरूमा छोडिन्छन् र उनीहरूलाई कसैले धर्मपुत्र/पुत्री पनि बनाउँदैन । बालगृहहरूमा भएका बालबालिकाहरू, धर्मपुत्र/पुत्री बन्न उपयुक्त (उमेर, पारिवारिक अवस्था, आदि) भएका बालबालिकाहरू तथा अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने विदेशी अभिभावकहरूको आवेदन सम्बन्धी सूचना र तथ्यांकको नितान्त अभाव छ । बालगृहमा भर्ना गर्ने आवश्यकता नभएका बालबालिकाहरूको भर्ना (उदाहरणका लागि उनीहरूलाई निशुल्क शिक्षा दिलाउने उद्देश्यले बालगृहमा भर्ना) गर्ने कार्यलाई रोक्नका लागि कुनै ठोस व्यवस्था छैन ।

### ६.५ नयाँ कानुनको आवश्यकता हुनु

देशभित्र र विदेशमा धर्मपुत्र/पुत्री लिने दिने सम्बन्धमा नयाँ कानुनको आवश्यकता टड्कारो छ । यसलाई बाल संरक्षणका उपायहरू र सुझाव नं. ६.१ मा उल्लेखित आमाबुबाको स्याहार सुसारबाट वञ्चित बालबालिकाहरूका लागि राष्ट्रिय समाधानहरू सम्बन्धी समष्टीगत कानुनमा एकीकृत गरिनु पर्ने हुन्छ । निर्माणाधीन बालबालिका सम्बन्धि ऐन (बाल अधिकार प्रवर्द्धन र संरक्षण ऐन) को मस्यौदामा यस्तो व्यवस्थाको पर्याप्त प्रत्याभूति गरिएको छैन ।

### ६.६ पेशेवर निर्णय प्रक्रियाकाका लागि कानुनी शर्तहरूको आवश्यकता हुनु

नयाँ कानुनले कुनै बालबालिका धर्मपुत्र/पुत्री लिन दिनका लागि उपयुक्त छ छैन भन्ने सम्बन्धमा निर्णय लिनका लागि पारदर्शी कानुनी शर्त र प्रक्रियाहरूको विद्यमान अभावलाई सम्बोधन गर्नै पर्छ । यस्ता कानुनी शर्तहरूको अभावको परिणाम स्वरूप असुरक्षित र अपर्याप्त निर्णय हुन पुग्दछ । कुनै

निर्णय लिइनुभन्दा अगाडि पूरा गर्नै पर्ने शर्त वा प्रक्रियाको अंगका रूपमा बालबालिकाको पृष्ठभूमि र उत्पत्तिको विस्तृत अनुसन्धान हुनै पर्छ । अनुसन्धान, सिफारिस र अनुगमन समितिमा बालबालिकाहरूका लागि कार्यरत गैरसरकारी संस्थाहरूको महासंघको संलग्नताले स्वार्थको टक्कर हुने र अनुसन्धानको विश्वसनीयतामाथि शंका हुने अवस्था सिर्जना गर्दछ । त्यसकारण बालबालिकाहरूको फाईल अनुसन्धान गर्ने वा धर्मपुत्र/पुत्री लिन दिनका लागि सिफारिस गर्ने कुनै पनि संयन्त्रमा यस महासंघलाई संलग्न गराइनु हुँदैन ।

नेपालमा धर्मपुत्र/पुत्री लिने दिने कार्यमा संलग्न संस्थाहरूको पेशागत क्षमता र नैतिकता सम्बन्धी शर्तहरूको पनि अभाव छ । यसका साथै त्यस्ता संस्थाहरूको आवश्यक संख्या तोक्ने शर्तहरू सम्बन्धी कुनै व्यवस्था छैन, जसले गर्दा विद्यमान आवश्यकताको तुलनामा त्यस्ता संस्थाहरूको संख्या धेरै रहेको हुन सक्छ । अझ नेपालमा कार्यरत यस्ता विदेशी संस्थाहरूमध्ये केहीलाई हेग महासन्धिको मापदण्ड अनुरूप नभएकोले उनीहरूकै देशमा समेत मान्यता दिइएको छैन र कतिपय त उनीहरूकै देशमा उलङ्घन गरेको आरोपमा अनुसन्धान चलिरहेका वा सावित भएका समेत छन् । नेपाल सरकारले हेग महासन्धिमा २०६६ वैशाख १५ गते हस्ताक्षर गरिसकेपछि यस महासन्धिका सिद्धान्तहरूसित बाभ्मने काम नगर्ने दायित्वको प्रतिवद्धता पनि कायम भईसकेको छ । बालबालिकाहरूको बेचबिखन/ओसारपसार तथा बिक्रीलाई उकास्ने व्यवहारहरूलाई उन्मूलन गर्नका लागि आफ्नै देशमा हेग महासन्धि अनुरूप मान्यता प्राप्त गर्न नसकेका संस्थाहरूलाई सूचीबाट खारेज गर्नु नेपाल सरकारले चाल्न सक्ने कदमहरूमध्ये एउटा तर्कसंगत पाइला हुनेछ ।

यस कानुनमा धर्मपुत्र/पुत्री लिइएका बालबालिकाहरू र लिने अभिभावकहरूको जानकारीको गोपनीयता सम्बन्धी प्रावधान पनि राखिनु आवश्यक छ ।

### ६.७ अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने व्यवस्थाबाट वित्तीय लाभको प्रचलन उन्मूलन गर्नु

अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने व्यवस्थाको मूलमा वित्तीय लाभ, मुनाफा र तत्सम्बन्धित दुर्व्यवहारहरू निहित रहेका छन् । वर्तमान अवस्थामा संकलित शुल्क र सहयोगबाट प्राप्त रकम कसरी खर्च हुन्छ भन्ने पारदर्शिता वा जवाफदेहिता पनि छैन । उदाहरणका लागि नेपालमा धर्मपुत्र/पुत्री लिने दिने सम्बन्धी काम गर्ने संस्थाले प्रति वर्ष सूचीकृत हुन १० हजार अमेरिकी डलर तिर्नु पर्ने कुरा कुनै पनि आधारमा पुष्टी गर्न सकिने छैन र यसले नेपालमा अत्याधिक ठूलो संख्यामा त्यस्ता संस्थाहरूलाई निम्त्याएको छ । इथियोपिया बाहेक अन्य कुनै पनि देशमा सूचीकरणबाट प्राप्त शुल्कको रकम प्रत्यक्षतः बाल केन्द्रहरूमा जाने गरेको छैन । वित्तीय लाभको प्रचलनले अभिभावकत्वका विकल्पहरू लगायत बाल संरक्षण प्रणाली निर्माण गर्ने कार्यमा सहयोग पुऱ्याउनुको साटो बालबालिकाहरूको संस्थागतकरण गर्ने कार्यलाई प्रोत्साहन गर्दछ । अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने कार्यका वित्तीय पक्षहरूमा कठोर नियन्त्रण लागु गर्नका लागि सरकारको प्रतिवद्धता

आवश्यक छ । यस्तो नियन्त्रणको व्यवस्था तत्कालै कार्यान्वयन गर्नु र नयाँ कानुनमा सुदृढ गर्नु अपरिहार्य छ । शुल्क नियमित गर्ने प्रक्रियामा केही प्रगति भए पनि नेपालको सन्दर्भमा प्रति बालबालिका पाँच हजार अमेरिकी डलर ठूलो आकर्षण रहिरहेको छ भने अर्कोतिर यो रकम निज बालबालिकाको स्याहार सुसारमा लागेको वास्तविक, युक्तिसंगत व्ययमा आधारित छैन ।

### ६.८ धर्मपुत्र/पुत्रीको व्यवस्था सम्बन्धी सशक्त केन्द्रिय प्राधिकारको आवश्यकता

धर्मपुत्र/पुत्री सम्बन्धी पेशेवर तथा नैतिक प्रणालीलाई टेवा दिनका लागि यस सम्बन्धी सवालहरूमा प्रशिक्षित कर्मचारीहरू र बहु-विषयक टोली भएको सशक्त केन्द्रिय प्राधिकार आवश्यक छ । धर्मपुत्र/पुत्री सम्बन्धी केन्द्रिय प्राधिकारका लागि हेग महासन्धि १९९३ तथा यस महासन्धि अन्तर्गत नेपालको दायित्व सम्बन्धमा राम्रो ज्ञान भएका प्रशिक्षित कर्मचारीहरूको स्थीरता अपरिहार्य हुन्छ ।

### ६.९ क्षमता विकासको आवश्यकता

बालबालिकाहरूको संरक्षणका लागि जिम्मेवार सरकारी अधिकारीहरू तथा बालबालिकाहरूको स्याहार सुसारमा संलग्न बालगृहका कर्मचारीहरूका लागि क्षमता विकास (कर्मचारी, श्रोतसाधन र तालिम) आवश्यक छ । यस्तो तालिममा बाल संरक्षणको एउटा उपायका रूपमा अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने व्यवस्थाको भूमिका र स्थान सम्बन्धी ज्ञान पनि समावेश गरिनु पर्छ । यसका साथै बालबालिकाको अवस्थाको अनुसन्धान कसरी गर्ने भन्ने विषयमा पनि तालिम सञ्चालन गरिनु पर्छ, किनकि हेग महासन्धिको धारा ४ को प्राथमिकताको सिद्धान्त अनुरूप अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने कार्य गर्नु अगाडि नै निज बालबालिकाले नेपालमा उपयुक्त स्याहार सुसार पाउने अवस्था छ छैन भनेर अधिकारीहरूले अनुसन्धान गर्नै पर्छ ।

धर्मपुत्र/पुत्री लिने राज्यहरूले हेग सम्मेलनको स्थायी समितिको प्राविधिक सहायता कार्यक्रमसित सहकार्य गरेर नेपालको व्यवस्थामा सुधार गर्ने कार्यका लागि व्यावहारिक सहयोग उपलब्ध गराउने इच्छा जाहेर गरिसकेका पनि छन् ।

### ६.९ युनिसेफ र *टेरे डेस होम्स*को अध्ययनका सुझावहरूको कार्यान्वयन गर्नु

युनिसेफ र *टेरे डेस होम्स* प्रतिष्ठानले सन् २००८ मा अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने सम्बन्धी गरेको *बाल अधिकारको कार्यान्वयन : नेपालमा अन्तरदेशीय धर्मपुत्र/पुत्री लिने दिने व्यवस्था र बालबालिकाहरूको संरक्षणमा त्यसको प्रभाव* विषयक अध्ययन तथा त्यसका नतिजाहरू अद्यापि जायज छन्, किनभने त्यो अध्ययनपछि अवस्थामा नगन्य मात्रै परिवर्तन भएको छ । नेपाल सरकारलाई त्यस अध्ययनका सुझावहरू स्वीकार तथा कार्यान्वयन गर्नका लागि आग्रह गरिन्छ । त्यसको कार्यान्वयन निम्ति युनिसेफ र *टेरे डेस होम्स*का साथै निजी कानुन सम्बन्धी हेग सम्मेलनको

स्थायी समिति र अन्तर्राष्ट्रिय सामाजिक सेवासित सहायताका लागि अनुरोध गर्न सकिन्छ । अन्तरदेशीय धर्मपुत्र/पुत्री प्रणालीमा आवश्यक सुधार गर्नका लागि धर्मपुत्र/पुत्री लिने दिने कार्यलाई अस्थायी रूपमा स्थगित गर्नु अपरिहार्य छ । यस अस्थायी स्थगन अवधिले सुधारका प्रयासहरूलाई द्रुत गतिमा अघि बढाउनका लागि सरकारको ध्यान केन्द्रित गर्न मद्दत पुग्नेछ तथा नयाँ कानुन कार्यान्वयन गर्न र सम्बन्धित कर्मचारीहरूलाई प्रशिक्षित गर्न समय उपलब्ध हुनेछ ।

### ६.१० सुझावहरूको प्राथमिकता

यी सुझावहरूमध्ये केहीलाई त छोटो अवधिमै कार्यान्वयन गर्न सकिने छन् । अरूलाई केही लामो समयावधिसम्म कार्यान्वयनमा लैजान आवश्यक हुनेछ । तापनि, दीर्घकालीन कार्यान्वयनका लागि योजना र समय-तालिका भने तत्कालै तर्जुमा गर्न सकिन्छ । नेपालका लागि हेग सम्मेलनको स्थायी समितिको प्राविधिक सहायता कार्यक्रम चालु भईसकेको छ र अब प्राविधिक सहायता कार्यक्रमसित कसरी सहकार्य गर्ने भन्ने सवाल नेपाल सरकारले नै निर्णय गर्ने विषय हो । युनिसेफ र *टेरे डेस होम्स*को अध्ययनले सिफारिस गरे अनुसार उपयुक्त कानुनी व्यवस्था नभएसम्मका लागि शर्त र प्रावधान २०६५  को कार्यान्वयनलाई स्थगीत गर्न नितान्त आवश्यक छ ।